कञ्चन गाउँपालिका

Kanchan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

कञ्चन-२, रुपन्देही / Kanchan-2, Rupandehi

प्रदेश नं.५, नेपाल

Province No. 5, Nepal


पत्र संख्या / Ref. No. : - ०७६-७७

चलानी नम्वर/ Dispatch No. : -

### औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/११/१६

ठेक्का नं.KRM/GOODS/01/2076-77

यस कञ्चन गाँउपालिकाको लागी आवश्यक पर्ने औषधी तथा औषधी जन्य सामान खरिद गर्नु पर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक सप्लायर्स, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. शिलबन्दी दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रु.१०००।- (अक्षरुपी एक हजार) मात्र पछि फिर्ता नहुने गरि यस कार्यालयमा बुझाएकों नगदी रसिद निबेदन साथ संलग्न राखी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र साथ निवेदकले आ.ब २०७६/०७७ को लागी नविकरण गरेको कम्पनीदर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्र, औषधी व्यबसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र कर चुक्ता प्रमाणपत्र लगायतका आवश्यक कागजातको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी दरभाउ पत्र मिति २०७६/१२/०१ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २:०० वजे खोलिने छ

३. सिलबन्दी दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट सोही समयमा हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापत यस कार्यालयको नाममा एन.आई.सि.एसिया बैंक लिं रुद्रपुर शाखा हरैया कञ्चन ३ रुपन्देहीको धरौटी खाता BoCA ५०३२६२५२४००५ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५. दरभाउ पत्र दाताले प्रत्येक औषधीको मूल्य अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । सबै औषधी (आईटम) को दररेट अंक र अक्षरमा उल्लेख गरेको नपाइएमा अक्षरलाई मान्यता दिइने छ ।

६. आफुले आपूर्ति (सप्लाई) गर्ने औषधीहरुको आधिकारीक पत्र (Authority Letter ) स्वदेशी कम्पनीको हकमा उत्पादक बाट र विदेशी कम्पनीको हकमा National SupPliers बाट लिई पेश गर्नुपर्ने छ ।

७. दरभाउपत्र फारममा खरिद गरिने प्रत्येक औषधी (आईटम वाइज) को उत्पादक कम्पनीको नाम अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । यसरी उत्पादन गर्ने कम्पनीको नाम उल्लेख नगरी पेश हुन आएका दरभाउपत्र मान्यहुने छैन ।

८.स्वीकृत दरभाउ पत्र दाताले मूल्य अंकित औषधीमा बढी दररेट राख्न पाउने छैन । स्वीकृत दरभाउपत्र अनुसारको सामान एकमुष्ट खरिद गरिने छ । साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्ने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाकी भएको हुनुपर्ने छ । औषधीको म्याद १८ महिना भन्दा कमहुने औषधीको हकमा Expiry Date को ७५ प्रतिशत म्याद बाकी हुदा दाखिला गर्न सकिने छ ।

९.आपूर्ती हुने सम्पूर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनुपर्ने छ । उक्त कम्पनीहरुको WHO/ GMP सर्टिफिकेट अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

१०.आपूर्ती हुने औषधीको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date,व्याच नं तथा Supply for Ministry of Health and Population, Nepalवा नेपाल सरकार बाट नि:शुल्क वितरणको लागि भन्ने स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून र गाँउपालिकाको निर्णय बमोजिम हुने छ ।

१२.सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यसै कार्यालयमा सम्पर्क राख्नहुन जानकारी गराईन्छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | दरभाउ जमानत | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|
| १. | KRM/GOODS/01/2076-077 | नि:शुल्क वितरणको लागि आबश्यक औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद | रु २५०००। | रु १०००। |


website – kanchanmun.gov.np

सम्पर्क नं : 9847082388

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत